नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०७९/८०
चलानी नं. : ८१६

मिति : २०७९/०९/०७

श्री माउन्टेन हाईड्रो नेपाल लिमिटेड (MHNL)
ताहाचल, काठमाडौं ।

**विषय : सूचीकरण स्थगन गरी स्पष्टिकरण पेश गर्न निर्देशन दिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको मिति २०७९/०९/०४ गते बिहान १०:०० बजे सञ्चालक समितिको बैठक बसी आ.व. २०७८/०७९ को लाभांश घोषणा तथा वार्षिक साधारण सभा सम्वन्धी पत्र मिति २०७९/०९/०७ गते कारोबार समय पश्चात् (दिउँसो ०३:०२ बजे) NOTS Login मार्फत नेप्सेमा प्राप्त भएको । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२(१)(घ) मा भएको व्यवस्था बमोजिम धितोपत्र मूल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सिर्जना भएमा सोही दिन वा भोलिपल्ट कारोबार खुल्नु अघि त्यस्तो सूचना, जानकारी तथा निर्णय सम्बन्धित सूचीकृत संगठित संस्थाले नेप्सेमा पेश गर्नुपर्ने छ भन्ने व्यवस्था रहेकोले उक्त विनियममा भएको व्यवस्था पालना नगरेकोले उक्त विनियमावलीको विनियम १६(१)(ख) मा भएको व्यवस्था अनुरुप मिति २०७९/०९/०७ को निर्णयानुसार उक्त कम्पनीको धितोपत्रको कारोबार स्थगन गरिएको साथै यो पत्र प्राप्त भएको मितिले ३ (तीन) कार्यदिन भित्र के कति कारणबाट समयमानै जानकारी दिन नसकेको ? सो सम्बन्धमा स्पष्टिकरण पेश गर्न निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ :**
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत नियमन आयोग, सानोगौचरन, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।
श्री प्रणाली सञ्चालन शाखा - आ.का.गर्नु हुन, नेप्से ।

भवदीय,

कुलचन्द्र रिजाल
वरिष्ठ अधिकृत
सूचीकरण शाखा

**पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल**
**(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)**
**Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025**
**website : www.nepalstock.com/ www.nepalstock.com.np**
**email : info@nepalstock.com**
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.